आज मिति २०८१ साल श्रावण १६ गते बुधबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

CamScanner

**प्रस्ताव नं.१:- सम्मानित सर्वोच्च अदालत, काठमाडौँ र उच्च अदालत दिपायल, डोटीको विद्यालय समायोजन सम्बन्धी फैसला कार्यान्वयन गर्ने सम्बन्धमा।**

निर्णय नं. १:- प्रस्ताव नं. १ माथि छलफल गर्दा जानकी गाउँ कार्यपालिकाको मिति २०८०/०१/०५ को विद्यालय समायोजन सम्बन्धमा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ३ भगतपुर कैलाली स्थित श्री गौरीशंकर आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अख्तियारी प्राप्त दिनेश कुमार चौधरी (थारु) समेतले सम्मानित उच्च अदालत दिपायलमा पेश गरेको रिट नम्बर ०७९-WO-००२१ उपर मिति २०८०/०८/२० जारी आदेशमा उक्त निर्णय बदर गरिएको र जानकी गाउँ कार्यपालिकाको मिति २०८०/११/२२ गते को निर्णय बमोजिम उक्त मुद्दा पुर्पक्ष गर्न सम्मानित सर्वोच्च अदालतमा परेको मुद्दा नं. ०८०-RI-२५४६ उपर मिति २०८१/३/२१ को जारी आदेशमा अनुमति नहुने भन्ने आदेश भएकोले सम्मानित सर्वोच्च अदालत, काठमाडौँ र उच्च अदालत दिपायल, डोटीको विद्यालय समायोजन तथा तह मिलान सम्बन्धी फैसला कार्यान्वयन गर्ने निर्णय गरियो।

**विद्यालय समायोजन/तह मिलान विवरण**

| क्र.स. | विद्यालयको नाम, ठेगाना | मिति २०८०/१/५ को निर्णयनुसार समायोजन भएको विद्यालयको जम्मा दरवन्दी संख्या | मिति २०८०/१/५ को निर्णयनुसार समायोजन भएको तह/कक्षा | २०८०/१/५ को निर्णय बदर गरी पुन: कायम गरिएको साविक कक्षा | २०८०/१/५ को निर्णय बदर गरी पुन: कायम गरिएको साविक दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १. | गायत्री आ.वि जानकी-४, कंचनपुर | २ | १ देखि ५ | १ देखि ५ | २ |
| २. | विन्धेवासनी आ.वि. जानकी-९, कटासे | ३ | १ देखि ५ | १ देखि ५ | ३ |
| ३. | कालिका आ.वि. जानकी-९, पुर्वखैरीफाटा | ३ | १ देखि ५ | १ देखि ५ | ३ |
| ४. | राष्ट्रिय मा.वि.जानकी ९ पाताभार | २ | कक्षा ९-१० | ९ देखि १० | २ |
| ५. | राष्ट्रिय आ.वि. जानकी ५ अमौरी | १ | कक्षा ६-८ | ६ देखि ८ | १ |
| ६. | कालिका आ.वि. कालिकापुर | १ | कक्षा ६-८ | ६ देखि ८ | १ |
| ७. | राष्ट्रिय आ.वि. जानकी २ खैरेनी | ० | कक्षा ६-८ | ६ देखि ८ | ० |
| ८. | बालमुक्ति आ.वि.जानकी-३, लायकपुर | ३ | कक्षा ४-५ | ४ देखि ५ | ३ |
| ९. | कालिका प्रा.वि. जानकी-६, धर्मापुर | ३ | कक्षा ४-५ | ४ देखि ५ | ३ |
| १०. | गौरीशंकर आ.वि. जानकी-३, भगतपुर | ३ | कक्षा ४-५ | ४ देखि ५ | ३ |

जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुर्गौली, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. २: सम्मानित सर्वोच्च अदालत, काठमाडौँ र उच्च अदालत दिपायल, डोटीको शिक्षक दरबन्दी मिलान सम्बन्धी फैसला कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. २: प्रस्ताव नं. १ माथि छलफल गर्दा जानकी गाउँ कार्यपालिकाको मिति २०८०/०१/५ को विद्यालय समायोजन सम्बन्धमा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ३ भगतपुर कैलाली स्थित श्री गौरीशंकर आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अख्तियारी प्राप्त दिनेश कुमार चौधरी (थारु) समेतले सम्मानित उच्च अदालत दिपायलमा पेश गरेको रिट नम्बर ०७९-WO-००२१ उपर मिति २०८०/८/२० जारी आदेशमा उक्त निर्णय बदर गरिएको र जानकी गाउँ कार्यपालिकाको मिति २०८०/११/२२ गते को निर्णय बमोजिम उक्त मुद्दा पुर्पक्ष गर्न सम्मानित सर्वोच्च अदालतमा परेको मुद्दा नं. ०८०-RI-२५४६ उपर मिति २०८१/३/२१ को जारी आदेशमा अनुमति नहुने भन्ने आदेश भएकोले सम्मानित सर्वोच्च अदालत, काठमाडौँ र उच्च अदालत दिपायल, डोटीको शिक्षक दरबन्दी मिलान सम्बन्धी फैसला कार्यान्वयन गर्ने निर्णय गरियो ।

**शिक्षक दरबन्दी विवरण**

| क्र.स. | शिक्षकको नाम, ठेगाना | तह | विषय | नियुक्तिको प्रकार | हाल कार्यरत विद्यालयको नाम, ठेगाना | मिति २०८०/१/५ को निर्णय बदर गरी पुन: पदस्थापन गरिएको साविकको विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|---|---|
| १. | रुवि शाह | प्रा.वि. | | स्थायी | आदर्श मा.वि जानकी-२, खर्गौली, कैलाली | बिन्ध्यावासनी आ.वी. जानकी-९, कटासे |
| २. | हर्क प्रसाद देवकोटा | प्रा.वि. | | स्थायी | राष्ट्रिय आ.वि. जानकी-५, अमौरी | बिन्ध्यावासनी आ.वी. जानकी-९, कटासे |
| ३. | सिता रावल | प्रा.वि. | | राहत | जनता आ.वि. जानकी-९, अमरावती | बिन्ध्यावासनी आ.वी. जानकी-९, कटासे |
| ४. | जनक बहादुर थापा | प्रा.वि. | | स्थायी | कालिका आ.वि. जानकी-२, कालिकापुर | कालीका आ.वी. जानकी-९, पूर्व खैरीफाँटा |
| ५. | नरेश थापा | प्रा.वि. | | स्थायी | बाल ज्योती मा.वि. जानकी-६, जगतपुर | कालीका आ.वी. जानकी-९, पूर्व खैरीफाँटा |
| ६. | सरीता कुमारी सोडारी | प्रा.वि. | | राहत | जनता आ.वि. जानकी-९, अमरावती | कालीका आ.वी. जानकी-९, पूर्व खैरीफाँटा |
| ७. | ओमजंग शाह | प्रा.वि. | | स्थायी | बालविद्यामन्दिर आ.वि. जानकी-५, पथरैया | गायत्री आ.वि. जानकी-४, कंचनपुर |
| ८. | दिपेन्द्र बिष्ट | मा.वि. | विज्ञान | राहत | हिमालय मा.वि. जानकी-९, अमरावती | राष्ट्रिय मा.वि. जानकी-९, पाताभार |
| ९. | देव बहादुर मगर | नि.मा.वि | अंग्रेजी | राहत | रा.मा.वि. जानकी-९, पाताभार | कालिका आ.वि. जानकी-२, कालिकापुर |
| १०. | जानकी धामी | नि.मा.वि. | नेपाली | स्थायी | राष्ट्रिय मा.वि. जानकी-९, पाताभार | रा.आ.वि. जानकी-५, अमौरी |
| ११. | पुष्पराज न्यौपाने | मा.वि. | अंग्रेजी | राहत | जनता मा.वि. जानकी-४, मुनुवा | राष्ट्रिय मा.वि. जानकी-९, पाताभार |
| १२. | नेत्रा जोशी | प्रा.वि. | | राहत | कालिका आ.वि जानकी-१, बेलासपुर | गायत्री आ.वि. जानकी-४, कंचनपुर |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत
२०८१/८/१६

गणेश चौधरी
अध्यक्ष
२०८१/८/१६

**प्रस्ताव नं. ३ :- आ.व. २०८१।०८२ का लागि जानकी गाउँपालिकाको गाउँपालिका दररेट निर्धारण गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ मा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, कैलालीले आ.व. २०८१।०८२ को लागि स्वीकृत गरेको जिल्ला दररेटलाई नै आ.व. २०८१।०८२ का लागि २०८१ साउन १ गते देखि लागू हुने गरी यस जानकी गाउँपालिकाको गाउँपालिका दररेट निर्धारण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ :- जानकी गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना २०२४-२०३४ सम्बन्धमा।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ मा छलफल गर्दा यस जानकी गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना २०२४-२०३४ को प्रतिवेदन माथि छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :- जानकी गाउँपालिका कार्यक्षेत्र भएका सुरक्षा निकायहरुलाई ईन्धन तथा सहयोग उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ मा छलफल गर्दा यस जानकी गाउँपालिका कार्यक्षेत्र भएका सुरक्षा निकायहरुलाई मासिक २० (बीस) लिटर ईन्धन (पेट्रोल, डिजेल) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ मा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँको विकास सहायता समन्वय शाखाको प.सं. २०८०/०८१, च.नं. ४२२, मिति २०८१/०३/०५ को प्राप्त पत्रानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाको प्रस्ताव पेश गर्न आह्वान भए बमोजिम यस गाउँपालिकामा पुस्तकालय (Library) निर्माणको लागि प्रस्तावना पेश गर्ने निर्णय गरियो र उक्त पुस्तकालय निर्माणको कुल लागत रकमको ५(पाँच) प्रतिशत रकम गाउँपालिकाले लागत साझेदारी गर्ने निर्णय गरियो ।

२०८१।०४।१६
गणेश चौधरी
अध्यक्ष

०४।१६
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ७ :- बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ मा छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) सिंहदरवार, काठमाण्डौंको प.सं. २०७७।०७८ च.नं. ५८६ मिति २०७८।०३।२८ को बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ पठाईएको विषयक पत्र एवं मन्त्रालयकै प.सं. २०७८।०७९ च.नं. ५५१ मिति २०७९।३।८ को बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि पठाईएको सम्वन्धमा सवै स्थानीय तहहरुलाई प्राप्त पत्र व्यहोरा अनुसार स्थानीय तहहरुले अवलम्वन गर्ने योजना तर्जुमा, बालबालिकासँग सम्वन्धित नीति निर्माण र निर्णय प्रक्रियामा बालबालिका, उनीहरुका अभिभावक तथा बालबालिकासँग सरोकार राख्ने संघ संस्थाहरुको सहभागिता र उनीहरुको भूमिका सुनिश्चित गरी बालमैत्री स्थानीय शासन पद्धति स्थापित गर्ने भनी संघ सरकारले लिएको लक्ष्यको सन्दर्भमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम् सूचकहरु लगायत यस गाउँपालिकाकाले आवश्यकतानुसार अतिरिक्त सूचकहरु समेत हासिल गरी नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका समझदारी तथा प्रतिवद्धता कार्यान्वयन गर्ने सन्दर्भमा बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका मूलभूत विषयलाई सम्वोधन गरी बाल अधिकार सुनिश्चित गर्न बालमैत्री स्थानीय शासन प्रणाली प्रवर्द्धनको अभियानलाई सार्थक वनाउन प्रचलित कानुन वमोजिम यस गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :- सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैङ्कहरुमा विद्यालयको खाता खोल्न पहल गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको वडाहरुमा जुन बैङ्कले सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आईरहेको छ सो वडा अन्तर्गतका सामुदायिक विद्यालयहरुको खाता सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैङ्कमा खोल्नको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

२०७९।०४।१६

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष